रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. :
प.सं. :०८२/०८३

सूचना नं.:९२

## अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण संकलन गर्ने सम्बन्धी सूचना ।

(दोश्रो पटक प्रकाशित मिति: २०८३/०१/२२)

यस कार्यालयबाट मिति २०८२/१२/२७ गते प्रथम पटक अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण संकलन गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ४१२ मिति २०८३/०१/१७ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने गराउने सम्बन्धमा लेखी आएको साथै जिल्ला प्रशासन कार्यालय, गुल्मीको मिति २०८३/०१/२१ को सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणसम्बन्धी जरुरी सूचना अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको जिम्मेवारी रहेको, सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा विभिन्न माध्यमबाट सवालहरु आउने गरेकोले यस गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुले आफ्नो टोल, छिमेकमा कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेको थाहा भएमा उक्त जग्गा अतिक्रमण गर्ने व्यक्तिको विवरण, अतिक्रमित जग्गाको स्थलगत जानकारी यस सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको इमेल ठेगाना ruralruru@gmail.com र जिल्ला प्रशासन कार्यालय, गुल्मीको इमेल ठेगाना daogulmi2046@gmail.com मा पठाउन सकिनेछ । साथै त्यस्ता निवेदकहरुको पहिचान गोप्य राखी जग्गाको नापजाँच तथा संरक्षणका अन्य कार्य अगाडी बढाईनेछ । यस अगाडीको सूचनामा निबेदन पेश गरेका व्यक्तिहरुले पुन: निबेदन दिनुपर्ने छैन ।

**नोट : थप जानकारीको लागि सम्पर्क नं.: ९८५७०१८५१४**

२०८३/०१/२२

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



CamScanner